जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
मधेश प्रदेश, नेपाल

मिति २०८० असाढ ०२ गते शनिबारका दिन जीतपुरसिमरा नगरसभा संचालन नियमावली,२०७५ को नियम ५ को उपनियम (१) बमोजिम नगर प्रमुख श्री राजन पौडेलज्यू अध्यक्षतामा बसेको आठौं नगरसभाको पहिलो बैठकमा छलफल तथा निर्णयका लागि पेश भएका तपशिलका विषयहरुमा सभामा निर्णयार्थ पेश हुँदा संशोधन सहित सर्वसम्मतबाट पारित भएको घोषणा गरियो ।

निर्णय नं.१

नगर प्रमुख श्री राजन पौडेलबाट प्रस्तुत आ.व. २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम माथि नगर सभामा छलफल हुँदा प्राप्त सुझावहरु समावेश गरी अनुसूची– १ बमोजिमको नीति तथा कार्यक्रम सर्वसम्मतबाट पारित गरियो ।

निर्णय नं.२

नगर उपप्रमुख श्री भोला प्रसाद अधिकारीबाट आ.व. २०८०/०८१ को लागि अनुमानित आय र व्ययको विवरण नगरसभामा पेश गरियो ।उक्त आय र व्ययको विवरण सहित समष्टिगत योजना तथा कार्यक्रमहरुमाथि दोस्रो बैठकमा छलछल गरि पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.३

आ.व.२०७८।०७९ मा चमेनागृह तथा बैठक हल निर्माणको लागि कार्यालयले ठेक्का आह्वान गरी मिति २०७९।०३।१४ मा श्री ए.बि.सि. कन्स्ट्रक्सन एण्ड बिल्डर्स प्रा.लि. सिमरा संग सम्झौता भएकोमा हालको प्रशासनिक भवन अपर्याप्त भएको साथै प्रशासनिक भवन निर्माण गर्न जग्गा अन्यन्त्र नभएकोले उक्त चमेना गृह तथा बैठक हल निर्माणको लागि भएको ठेक्का (Contract No. JSMC/NCB/Words/9-078/079) सुविस्ताको आधारमां सम्झौता रद्द गरि सो ठेक्काको हालसम्मको भएको कामको नगर दररेटमा नवढाई कार्यालयको हितमा प्राविधिक मुल्याङ्कन गर्ने गरी दुवै पक्षविच वार्तालाप मार्फत मुल्यांकनका आधारमा सम्बन्धित निर्माण व्यवसायीलाई भुक्तानी दिने र उक्त निर्माणाधिन भवनलाई प्रशासनिक भवनको रुपमा निर्माण गर्न आ.व. २०८०/०८१ मा विनियोजित बजेटको कार्यान्वयन गर्ने गरि आवश्यक लागत अनुमान र ड्रोईङ डिजाईन बनाई प्रचलित कानुन बमोजिम खरिद प्रक्रिया अगाडी बढाउने।

राजन पौडेल
नगर प्रमुख

जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
मधेश प्रदेश, नेपाल

राजन पौडेल
नगर प्रमुख

निर्णय नं.४

आ.व. २०७९/०८० मा यस उपमहानगरपालिकाको शिक्षा क्षेत्रमा संघिय सरकारबाट प्राप्त शशर्त अनुदानतर्फको देहायका विद्यालयहरुलाई निकासा हुन बाँकी रकम आगामि आ.व. २०८०/०८१ को पहिलो चौमासिकमा कार्य सम्पादनका आधारमा भुक्तानी दिनुपर्ने देखिएको हुँदा हाललाई उक्त रकम सम्बन्धित विद्यालयको खातामा अनुदान निकाशा गरी खाता रोक्का गर्ने र कार्य सम्पादनको आधारमा खाता फुकुवा गर्दै भुक्तानी दिने निर्णय गरियो ।

क) नमूना विद्यालयहरुको भौतिक र शैक्षिक तर्फ

| क.स. | विद्यालयको नाम |
|---|---|
| १ | श्री ने. रा. मा.वि., सिमरा |

ख)राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम तर्फ

| क.स. | विद्यालयको नाम |
|---|---|
| १ | श्री ने. रा. मा. वि., हरपुर |
| २ | श्री सरस्वती माध्यमिक विद्यालय, इनर्वासिरा |
| ३ | श्री विक्रम आधारभुत विद्यालय, वसतपुर |
| ४ | श्री ने. रा. आ. वि., वडहर्वा |
| ५ | बाल ज्योति आधारभुत विद्यालय, नयावस्ती |
| ६ | जनता मा.वि., रजघट्टा |
| ७ | श्री ने. रा. आ. वि., कर्तवा |

ग)तराई – मधेश सम्बृद्धि कार्यक्रम तर्फ

| क.स. | विद्यालयको नाम |
|---|---|
| १ | जनता माध्यमिक विद्यालय रजघट्टा |

राजन पौडेल
नगर प्रमुख

जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
मधेश प्रदेश, नेपाल

राजन पौडेल
नगर प्रमुख

निर्णय नं.५

आ.व. २०७८/०७९ मा भुक्तानि बाँकी भइ भुक्तानिका सम्बन्धमा स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १४ बमोजिम गठित कार्यदलको प्रतिवेदन र अठारौं कार्यपालिकाको निर्णय नं. २ को आधारमा तपसिलका योजनाहरुको रकम भुक्तानी दिने ।

तपसिलः

| सि.नं. | योजनाको नाम | वडा नं. | भुक्तानी गर्नु पर्ने रकम (रु.) |
|---|---|---|---|
| १ | आन्तरिक राजश्व कार्यालय देखि उत्तर मर्मत संभार गर्ने | २ | १५०,०००.०० |
| २ | छठियाघाट भर्याङ निर्माण कार्य | १२ | ५,००,०००.०० |
| ३ | छठ्ठीमाई घाटको कल्भर्ट निर्माणमा माटो पुर्ने | १२ | ५,००,०००.०० |
| ४ | ईमलिप्रति टोलको फिल्ड र छठघाटमा माटो पुर्ने | ८ | ५,००,०००.०० |
| ५ | बाटो स्तरोन्नती तथा बाटो मर्मत | १४ | ३,००,०००.०० |
| ६ | वडा भरि बाटो ममर्त र सम्भार (सानो मटियर्वा, ठुलो मटियर्वा, मथुरापुर जाने बाटो ) | १९ | ६,८०,०००.०० |
| ७ | घण्टीमाई टोलमा सडक ढलान | ४ | ७,००,०००.०० |
| ८ | वडा भरि सडक तथा ग्रावल मर्मत | २० | ५,००,०००.०० |
| ९ | १२ नं. वडा देखि गुलरिया टोल हुदै वडा नं. १९ सम्म बाटो ग्रेवल तथा मर्मत | २० | ५,००,०००.०० |
| १० | फत्तेपुर वडा भरि बाटो ग्राभेल र मर्मत | १२ | ४,००,०००.०० |
| ११ | वडा भरि बाटो मर्मत र सम्भार(इनर्वासिरा, गुलेरिया बन्जरिया जाने बाटो) | १९ | ७,००,०००.०० |
| १२ | बाटो मर्मत तथा ग्रेवल वडा भरी | १५ | ८,००,०००.०० |
| १३ | सरसफाई सम्बन्धी कार्यक्रम तथा फोहरमैला व्यवस्थापन | १५ | ५,००,०००.०० |
| १४ | दुर्गा मन्दिर थानीमाई मन्दिरमा ट्रस निर्माण | १ | ५,००,०००.०० |
| १५ | सडक पोलबत्ती मर्मत तथा जडान वडा भरी | २० | २,१०,०००.०० |
| १६ | विभिन्न वडाहरुमा हुमपाईप खरिद तथा व्यवस्थापन खर्च | | ७,५०,०००.०० |

निर्णय नं.६

कार्यालयबाट आ.व.२०७७।०७८ , आ.व.२०७८।०७९ र २०७९।०८० मा खरिद प्रक्रिया अनुसार खरिद सम्झौता र कार्यादेश भएका तर हालसम्म कार्यसम्पन्न हुन नसकेका योजना तथा कार्यक्रमहरुको म्याद २०८० साल पौष मसान्तसम्म थप गर्ने ।

राजन पौडेल
नगर प्रमुख